# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०७।०४ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

रौतहट जिल्लाको विभिन्न गाविसहरूमा अर्धसरकारी अनुदान रकम तथा सामाजिक सुरक्षा भत्ता, स्थानीय पूर्वाधार विकास निर्माणको रकम दुरुपयोग भई भ्रष्टाचार र अनियमितता भएकोले सम्बन्धित पदाधिकारी एवं कर्मचारी उपर आवश्यक छानविन गरी कानुनी कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा साविक हथियाही गाविसका सचिव एवं हाल २ नं. प्रदेश मुख्यमन्त्रीको कार्यालय जनकपुरका सहायक पाँचौ मनोजकुमार झाले साविक हथियाही गाविसबाट पेश्की लिई वदनियतपूर्वक फछ्यौंट नगरेको, चालु तथा पुँजीगत खर्च जथाभावि आफूखुसी खर्च लेखी जम्मा रू.३,५९,१३८।—(अक्षरूपी तिन लाख उनान्साठी हजार एक सय अठतिस रूपैयाँ) बराबर हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरेको देखिएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादी मनोजकुमार झा उपर विगो रू.३,५९,१३८।—(अक्षरूपी तिन लाख उनान्साठी हजार एक सय अठतिस रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी हानिनोक्सानी भएको विगो ऐ. ऐनको दफा १७ वमोजिम निज प्रतिवादीबाट असुलउपर हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**

**प्रवक्ता**